बैठक संख्या: ३१

आज मिति २०८१ साल माघ महिनाको २५ गतेका दिन यस बुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँ ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको चालु आ.व. २०८१/०८२ को छैटौं बैठक तपसिलको उपस्थितीमा देहायका निर्णयहरु गरियो ।

तपशिलः

| हस्ताक्षर | क्र.स. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १. | श्री राम बहादुर बानियाँ | नगर प्रमुख | ९८४८६०९१२३ |
| | २. | श्री माया खड्का कुँवर | नगर उपप्रमुख | ९८४८५६०३७२ |
| | ३. | श्री रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१८०८४६७ |
| | ४. | पदम बहादुर भण्डारी | २ नं. वडा अध्यक्ष | ९८४८४८०२८६ |
| | ५. | श्री खडक बहादुर अधिकारी | ३ नं. का. वा. वडा अध्यक्ष | ९८४८६०९२३० |
| | ६. | श्री मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| | ७. | श्री चक्र बहादुर थापा | ५ नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| | ८. | श्री हेमराज जैशी | ६ नं. वडा अध्यक्ष | ९८४८६४४७२५ |
| | ९. | श्री [illegible] सिंह जैसी | वडा नं. ७ ” | [illegible] |
| | १०. | श्री रमेश बहादुर रावल | ८ नं. वडा अध्यक्ष | ९८४८६४८४१२ |
| | ११. | मिन बहादुर सिंह | ९ नं. वडा अध्यक्ष | |
| | १२. | श्री दल बहादुर रावत | १० नं. वडा अध्यक्ष | ९८५१२११९०१ |
| | १३. | श्री प्रेम बहादुर दमाई ( नेपाली ) | कार्यपालिका सदस्य | ९८६४११४४१३ |
| | १४. | श्री सर्पजित मार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| | १५. | श्री विष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |
| | १६. | श्री बसन्ती देवि पाध्याय | कार्यपालिका सदस्य | ९७४८८६३४६७ |
| | १७. | श्री अप्सरा देवी थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ |
| | १८. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | ९८६५६११६११ |
| | १९. | श्री बुदि देवी नेपाली | कार्यपालिका सदस्य | ९८६११११६७३ |
| | २०. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४१ |
| | २१. | श्री विष्णु प्रसाद जैशी | नि.प्रमुख प्रशासकीय अधिकृत | ९८६८५६१२७७ |

बुढीगंगा नगरपालिकाको ३९ औं तथा आ.व. ०८१/०८२ को छैटौं बैठकमा प्रस्तुत प्रस्तावहरु:

१. समपुरक र विषेश अनुदान योजना छनौट सम्बन्धमा ( संघ र प्रदेश)
२. घ वगर्गको ईजाजत स्वीकृती सम्बन्धमा।
३. राष्ट्रपति रनिङ्ग शिल्डको बजेट व्यवस्थापन सम्बन्धमा
४. नमुना माविको बाँकि रकमको ई विड गर्ने सम्बन्धमा।
५. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।
६. सँस्थागत विद्यालयको ठाँउसारी सम्बन्धमा।
७. कक्षा थपको अनुमति सम्बन्धमा।
८. शिक्षा विकास योजना निर्माण सम्बन्धी मुल समिति गठन सम्बन्धमा।
९. १५ शैयाको अस्पताल र वडा नं. ७ को वडा कार्यलयको निर्माण सम्बन्धमा।
१०. विविध सम्बन्धमा।
    १. स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन को प्राप्त नजिता सम्बन्धमा।
    २. बजेट भुक्तानी सम्बन्धमा।
    ३. पक्कि पुल निर्माण सम्बन्धमा।
    ४. सडक पिचका लागि अनुरोध गर्ने सम्बन्धमा।
    ५. शोक प्रस्ताव सम्बन्धमा।

.............................
राम बहादुर बानियाँ
नगर प्रमुख

निर्णयहरुः

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने गरी संघिय सरकार र सुदुरपश्चिम प्रदेशसरकारले सम्मपुरक र विषेश अनुदानका लागि यस पालिकाबाट तपसिल अनुसार योजना तथा कार्यक्रमहरु छनौट गरी सिफारिस गर्ने भन्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

तपसिलः

संघिय सरकारका लागि

क) सम्पुरक तर्फः

१. वेतालमाण्डौ – त्रिशक्ति – जुवापानी सडक पिच योजना, बु. न. पा. – ७, ८, ९, १०

२. बाम्का - नगरपालिकाको प्रशासकीय भवन देखि डेल्टा हुदै आटिचौर सम्म सडक पिच योजना, बु. न. पा. – ६, ५, ४

३. ताँप्रिसेरा – गा. वि. स. भवन हुदै नडाङ – कुडि सडक पिच योजना, बु . न. पा. – ३, २, १

ख) विषेश तर्फः

१. बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन

२. सुचना प्रविधिमा पालिकाकाको डिजिलाटिलाईजेसन योजना

३. स्वास्थ्य पोषण कार्यक्रम

प्रदेश सरकारका लागि

क) सम्पुरक तर्फः

१. बारमतोला खेल मैदान योजना, वडा नं. ९

२. भुक्तोली पिकनिक स्पोर्टस् बु. न. पा. – ४

३. बार्जुकोट दरबार पुनःनिर्माण योजना बु. न. पा. –४

ख) विषेश तर्फः

१. कृषि प्रवर्द्धन कार्यक्रम

२. शैक्षिक गुणस्तर कार्यक्रम

३. मनो सामाजिक परामर्श तथा लागु औषध दुर्व्यसनी न्यूनिकरण कार्यक्रम

४. सुचना प्रविधिमा पालिकाकाको डिजिलाटिलाईजेसन योजना

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बुढीगंगा नगरकार्यपालिकाको कार्यालयमा बि. टी. निर्माण सेवा, बुढीगंगा न. पा. – ८, बाजुरा का संचालक श्री कल्पना कुमारी थापाले उक्त निर्माण सेवालाई घ वर्गको

ईजाजत पत्र प्राप्त गरी पाँउ भनि दर्ता गराएको निवेदन र प्राविधिक शाखाबाट सिफारिस भई यस कार्यपालिकाको बैठकमा छलफलका लागि पेश भएकाले आवश्यक छलफल पश्चात निज निवेदकको बि. टी. निर्माण सेवा, बुढीगंगा न. पा. – ८, बाजुरा लाई घ वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.ब. २०८१/०८२ को बाजुरा जिल्लाको राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता – २०८१ यस पालिकामा रहेको भानोदय मावि मा सञ्चालन हुने भएकाले उक्त प्रतियोगितामा पालिकाले आर्थिक सहयोग गर्नु पर्ने देखिएको हुदा आवश्यकताका आधारमा अधिकतम रु. १० लाख सम्म व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाको वडा नं. ५ मा रहेको भनोदय नमुना मा. वि. को नमुना कार्यक्रम अन्तर्गत विद्यालयको गुरुयोजना अनुसारका योजना पुरा गर्न भनि चालु आ. ब. २०८१/०८२ का लागि विनियोजन भएको बजेटमा पहिलो पटक ई-विड भई घटी घटाउका माध्यमबाट बाँकि रहेको रकम अनुसारको काम सञ्चालनका लागि टेन्डर आह्वान गर्न विद्यालयले पेश गरेकका कार्यक्रम स्वीकृत गरी टण्डरका लागि अनुमति दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाको कार्यपालिका बैठकमा पेश भएका तपसिल अनुसारका प्रस्तावित कार्यविधिहरु संशोधन सहित स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिलः

१. विद्यालयको भान्साकोठा निर्माण कार्यविधि, २०८१

२. सामुदायिक सिकाई केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१ मा संशोधन गर्नु पर्ने बुदाहरुः

क) प्रस्तावित कार्यविधिको दफा ३ को "ख" आ मा १८ बर्ष परा भई ४५ बर्ष ननागेको उमेर राख्ने ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाको वडा नं. २ मा रहेको सनलाईट बोर्डिङ स्कुलले ठाँउ सारीका लागि शिक्षा समितिमा पेश गरेका आवश्यक कगजातका आधारमा वडा नं. ८ को रिठा बजारमा ठाँउ सारीका लागि अनुमति दिने भन्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको वडा नं. १ मा सञ्चालनमा रहेको अमर रिफल्जेन्ट स्कुलले कक्षा थपका लागि यस कार्यलयमा पेश गरेको निवेदन उपर कार्यपालकामा भएको छलफलबाट कक्षा १ देखि कक्षा ३ सम्म सञ्चालनका लागि अनुमति दिने निर्णय सर्व सम्मतिले गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि शिक्षा विकास योजना निर्माण गर्ने तपसिल बमोजिम मूल समिति निर्माण गरी उक्त सिमितिले आवश्यक्ता अनुसार उपसमिति गठन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिलः

१. संयोजक श्री राम बहादुर बानियाँ, नगर प्रमुख

२. सदस्य श्री माया खड्का कुवँर , नगर उपप्रमुख

३. सदस्य श्री चक्र बहादुर थापा, सामाजिक समिति संयोजक

४. सदस्य - प्रधानाध्यापक, भानोदय नमुना मा. वि., कुल्देवमाण्डौ

५. सदस्य - प्रधानाध्यापक, त्रिशक्ति मा. वि., बाह्रविस

६. सदस्य - प्रधानाध्यापक, पशुपति मा. वि., ताँप्रा

७. सदस्य – प्रतिनिधि, पिसविन नेपाल

८. सदस्य – प्रतिनिधि, सेतो गुराँस

९. सदस्य – प्रतिनिधि, युनिसेफ

१०. सदस्य – प्रतिनिधि, विश्व शिक्षा कार्यक्रम

११. सदस्य सचिव - श्री जयराज न्यौपाने, शिक्षा अधिकृत

९. प्रस्ताव नं. ९ को क माथि छलफल गर्दा यस नगरपालिकाले ठेक्का गरी निर्माण कार्य सञ्चालन गरेका वडा नं. ५ स्थित निर्माणाधिन १५ शैयाको अस्पतालको निर्माण कार्यको सम्झौता गरी निर्माणको जिम्मा लिएको निर्माण कम्पनि सँग काममा भएको ढिला सुस्तिबारे स्पष्टीकरणका लागि पत्राचार तथा यथाशिघ्र कार्य सम्पन्न गर्न निर्देशन दिई आवश्यक काम कार्वाहीको प्रक्रिया अगाडी बढाउने र वडा नं. ७ को वडा कार्यलय भवनको निर्माण कार्यमा देखिएका समस्याहरु समाधान गरी निर्माण कार्यमा तदारुपताका साथ अघि बढाउन वडाका सरोकारवाला सँग छलफल अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

CamScanner

जिम्मा लिएको निर्माण कम्पनि सँग काममा भएको ढिला सुस्तिबारे स्पष्टीकरणका लागि पत्राचार तथा यथाशिघ्र कार्य सम्पन्न गर्न निर्देशन दिई आवश्यक काम कार्वाहीको प्रक्रिया अगाडी बढाउने र वडा नं. ७ को वडा कार्यलय भवनको निर्माण कार्यमा देखिएका समस्याहरु समाधान गरी निर्माण कार्यमा तदारुपताका साथ अघि बढाउन वडाका सरोकारवाला सँग छलफल अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

१०. प्रस्ताव नं. १० को १ माथि छलफल गर्दा गत आ.व. २०८०/०८१ को नगरपालिकाले स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन को नतिजामा यस बुढीगंगा नगरपालिकाको ९७ प्रतिशत मापदण्ड पुरा गरेको विषय छलफल भई विश्वस्निय देखिएकाले उक्त प्राप्ताङ्क ठिक रहेको निर्णय सर्वसम्मतिले पारित गरियो। ।

११. प्रस्ताव नं. १० को २ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाको वडा नं. १ स्थित धुरालसैन मार्विं मा गुड नेवर्स ईन्टरनेशनल नेपाल र बुढीगंगा नगरपालिकाको साझेदारीबाट निर्माण भएको ई सि डी भवनको म्याचिङ बापतको रकम हाल सम्म भुक्तानी नभएकोले चालु आ.व. ०८१/०८२मा दायित्व तिर्ने भनि छुट्याईएको बजेटबाट भुक्तानी गर्ने भन्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १० को ३ माथि छलफल गर्दा बजुराको प्रमुख सडक मार्ग साँफे – मार्तडी सडक खण्ड अन्तर्गत यस बुढीगंगा नगरपलिकाको वडा नं. ३ मा पर्ने ताँप्रिसेरामा निर्माण कार्य सम्पन्न भई उद्घाटन गर्न बाँकि रहेको पक्की पुल २०७७/०४/०४ गते आएको अविरल बर्षा र बाढीले पुर्णरुपमा भत्काई हाल सम्म पुनःनिर्माणको कुनै पनि प्रक्रिया अगाडी नबढ्दा बर्षायाममा सावारी साधनको आवजतावत पुर्ण रुपमा अवरुद्ध हुने भएकाले उक्त स्थानमा पक्कि पुलको निर्माणका लागि आवश्यक बजेटको सुनिश्ति गरी निर्माण प्रक्रिया अगाडि बढाउनका लागि सडक विभागको केन्द्रिय कार्यालय, बबरमहल काठमाण्डौमा माग तथा सिफारिस गर्ने निर्णय सर्व सम्मतीले पारित गरियो ।

१३. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाले गौरवका रुपमा अगाडी बढाएको बाजुराको मुख्य राजमार्ग संग जोडिने बेतालमाण्डौ – त्रिशक्ति - वडा कार्यालय हुदै जुवापानी सडक खण्डको धेरै जनता लाभान्वित हुने भाग त्रिशक्ति देखि वडा कार्यालय सम्म सडक पिच, बुढीगंगा नगरपालिका वडा नं.-९ मा आवश्यक बजेट व्यवस्थापन गरी सडक पिचको कार्य अगाडि बढाईदिन सडक डिभिजनको केन्द्रिय कार्यालय बबरमहल काठमाण्डौलाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

१४. प्रस्ताव नं. १० को ५ माथि छलफल गर्दा यस बुढीगंगा नगरपलिकाका प्रमुख प्रशासकिय अधिकृत नरेन्द्र नाथका हजुर बुवा शताब्दी पुरुष श्री देवे नाथको १०१ बर्षको उमेरमा मिति २०८१/१०/२५ गते बिहान ३ बजे र वडा नं. ३ निवासी चौपाखे सामुदायिक सिकाई केन्द्रका सहजकर्ता श्री बसन्ती उपाध्यायको मिति २०८१/१०/०३ गते निधान भएकाले मृत आत्माको चिर सान्तीको कामनासहित भावपुर्ण श्रदान्जली अर्पण गर्दै शोक प्रस्ताव पारित गरियो ।